# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, फागुन १३ गते २०१६ साल

श्री ५ को सरकार

### पञ्चायत मन्त्रालयको

### सूचना

राष्ट्रिय पञ्चायत (अञ्चल सभा प्रतिनिधित्व) ऐन, २०१६ को दफा ३ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले अन्चल सभाहरूबाट राष्ट्रिय पञ्चायतको निमित्त सदस्य निर्वाचन गर्ने कामको लागि प्रत्येक अञ्चल सभाको निमित्त सम्बन्धित अञ्चलका अञ्चलाधीशलाई निर्वाचन अफिसर नियुक्त गरेको छ।

तर सगरमाथा अञ्चलको हकमा सप्तरी गोस्वाराका बडाहाकिमलाई निर्वाचन अफिसर नियुक्त गरेको छ।

आज्ञाले–
कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव,
पञ्चायत मन्त्रालय।

श्री ५ को सरकार

### पञ्चायत मन्त्रालयको

### सूचना

मिति २०१६–१०–५ खण्ड ९ अतिरिक्तांक ३३ को नेपाल गजेट भाग ४ मा प्रकाशित अञ्चल सभा र अञ्चल पञ्चायतको सचिवको पदमा नियुक्ति गरेको यस मन्त्रालयको सूच-



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाको वस्तो हरफमा "अञ्चलको पञ्चायत अफिसरलाई" भन्ने शब्द हुनुपर्नेमा "जिल्लाको पञ्चायत अफिसरलाई" हुनगएकोले सो सच्याई भूल सुधार गरिएको छ ।

कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव,
पञ्चायत मन्त्रालय ।

श्री ५ को सरकार

# पञ्चायत मन्त्रालयको

## सूचना

मिति ०११।१।२ खण्ड १२ संख्या ३५ को नेपाल गजेट भाग ४ मा प्रकाशित नेपाल अधिराज्यलाई १४ अञ्चल ७५ विकास जिल्लामा विभाजित गर्नेबारेको सूचनामा भएको निम्नलिखित छपाइको भूल सच्याई प्रकाशित गरिएको छ ।

१. पेज नम्बर ४४ मा कोशी अञ्चलको अञ्चलभित्र पर्ने विकास जिल्लाहरूमा (ग) को धनकुटा पछिको (घ) झिकिएको छ र सो (ग) को विकास जिल्लाभित्र पर्ने थुम वा प्रगन्नाहरूमा दश मझियाको भाग, छथरेको पश्चिम भाग, झलराको उत्तरी भाग, खाल्सा, धनकुटा, चौबीसेको सम्पूर्णप्रया भाग, भिकलुङ पहाडको उत्तरी सानो भागसमेतको मोटेप्यारा भएको ।

२. पेज नम्बर ४६ मा जनकपुर अञ्चलको चिन्ह दी लेखिएको (फुटनोट) टिप्पणीमा कार्य वनि गरिरहनुभएकोले पछि "जनकपुर अञ्चलाधीश अफिस हाल जलेश्वर नै रहेको छ" । भनी छापिनुपर्नेमा "अञ्चीलाधीश अफिस हाल जनकपुर जलेश्वरमा नै रहेको छ" भन्ने छापिनगएको ।

३. पेज नम्बर ४९ मा लुम्बिनी अञ्चलको (ख) को विकास जिल्लाभित्र पर्ने थुम प्रगन्नामा धुर्कोटपछि "वार गुल्मीको उत्तरी टुक्रा" भनी छापिनुपर्ने "पार गुल्मीको उत्तरी टुक्रा" भै छापिएको छ ।

४. कोशी जनकपुर र सेती अञ्चलको चिन्ह दी लेखिएको (फुटनोट) टिप्पणी पेज नं. ४४ मा कोशीको (ङ) (मोरङ्ग) विराटनगरको भनी सो पानामा र पेज नं. ४५ मा जनकपुरको (ख) रामेछाप भनी सो पानामा सेतीको पेज नं. ५० को (ख) को डोटी भनी सो टिप्पणी लेख्नुपर्नेमा छपाइको भूलले कोशीको पेज नं. ४५ मा (घ) सुनसरी इनरवा भनी जनकपुरको पेज नं. ४६ मा (ग) सिंधुली गढी भनी सेतीको डडेलधुरा भनी लेखिन गएको छ ।

कुलशेखर शर्मा
श्री ५ को सरकारको सचिव,
पञ्चायत मन्त्रालय ।

---

गोरखापत्र छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।